# मकवानपुरगढी गाँउपालिका
# गाँउ कार्यापालीको कार्यालय
मकन्चुली,मकवानपुर
३ नम्बर प्रदेश, नेपाल

**आ.व.२०७६/०७७ को लागि ढुंगा, गिट्टी, वालुवा, रोडा ,स्लेट,माटो आदि नदीजन्य पदार्थ विक्री शुल्कको ठेक्का बन्दोबस्ती सम्बन्धी शिलवन्दी वोलपत्र आह्नको सुचना**

**चौथो पटक प्रकाशित मिति :२०७६।०८।२६**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अन्तरगत उपदफा २ को खण्ड घ (६) मा भएको व्यवस्था बमोजिम यस कार्यालयको क्षेत्र भित्र पर्ने सामरी, ज्यामिरे खोला र खैरेनी खोलाको विभिन्न स्वीकृत क्षेत्रहरुवाट निकासी, विक्री गरीने नदीजन्य, श्रोतहरु (ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, माटो आदि) को शुल्क ३ नं. प्रदेश सरकार, आर्थिक ऐन २०७५, (संशोधन २०७६) को दफा ९ अनुसारका वस्तुमा अनुसुचि ५ मा उल्लेखित प्रति इकाई दररेट अनुसार चालु आ.ब.का लागि वढावढको माध्यमवाट ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो नागरिकताको प्रतिलिपि, फर्मको हकमा नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७५/०७६ सम्म कर तिरेको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र सहित रितपुर्वकको यो **७** दिने शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । विधुतिय माध्यमवाट सार्वजनिक खरिद अनुगमनको कार्यालयको web site https;//ppmo.gov.np/egp मा रहेको site प्रयोग गरी वोलपत्र हेर्न वा समावेश हुन सकिने व्यवस्था समेत मिलाइएको व्यहोरा सम्वन्धी सवैलाइ जानकारी गराइएको छ ।

वोलपत्र फारम दस्तुर रु.५,०००.०० (फिर्ता नहुने गरी)

| सि. न. | ठेक्का नं. | ठेक्काको किसिम | शुल्क उठाउन पाउने दररेट | कारोवार योग्य अधिकतम परिमाण (घनमिटर) | न्युनतम ठेक्का अङ्क (मु.अ.कर वाहेक) रु. | बोल पत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दर्ता गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १. | ०२ (०७६/०७७) राजश्व | ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, रोडा, स्लेट तथा माटो आदि उत्खनन तथा विक्री शुल्क (खानी क्षेत्र वाहेक) | प्रति घनफिट रु. ९। र माटोको हकमा रु.२.५० | १,०४,०६९।घ.मि | ३,३०,४३,९८८।८८ | २०७६।०९।४ गते कार्यालय समय सम्म | २०७६।०९।०६ गते १२ बजे सम्म |

प्रस्तावित ठेक्काहरुमा स्वीकृत प्रारम्भिक वातावरणिय परीक्षण (IEE) प्रतिवेदनले तोकेको क्षेत्र, निजी जग्गामा उत्पादित श्रोत र स्टकमा रहेका परिमाण अनुसार ठेक्का कारोवार सञ्चालन हुनेछ । तर थप परिमाणको IEE स्वीकृत भएमा वा जिल्ला विपत् व्यवस्थापन समितिको निर्णय वा अन्य कुनै विधिवाट थप उत्खनन, संकलन र निकासी, विक्रीको अनुमति दिनुपर्ने भएमा वोलपत्र स्वीकारकर्तालाई पहिलो प्राथमिकता दिई संझौताको शर्तमा उल्लेख भए अनुसार हुनेछ ।

**शर्त तथा बन्देज**

१) चालु आ.व.का लागि कारोवार योग्य नदीजन्य श्रोतको परिमाण र व्यवस्थापन :- स्वीकृत IEE को परिमाण **८८,५६९।** र विभिन्न क्सर तथा वालुवा उद्योगमा रहेको नदिजन्य पदार्थ स्टक रहेको परिमाण १५,५००। गरी कुल कारोवार योग्य अधिकतम परिमाण १,०४,०६९।घनमिटर कायम गरीएको छ ।

२) ठेक्काको मान्य अवधि :- उत्खनन, संकलनको हकमा आश्वीन देखि वा संझौता भएको मिति देखि २०७७ जेष्ठ मसान्त सम्म र विक्रीको हकमां संझौता भएको मिति देखि २०७७ आषाढ मसान्त सम्म कायम रहने छ ।

३) ठेकेदारका कारण संझौता गर्न ढिलाई भएमा कुनै किसिमको छुट वा मिन्हा दिईने छैन । स्वीकृत परिमाणको अभिलेख गाउँपालिका समेतले राख्नेछ सो अनुसार उल्लेखित समय अगावै कारोवार योग्य परिमाण विक्री भएमा तोकिएको समयावधि अगावै ठेक्का स्वत: समाप्त हुनेछ ।

४) विद्युतिय माध्यमवाट समावेश हुनेले नेपाल वैक वङगलादेश वैक मकवानपुरगढी शाखामा यस कार्यालयको नाममा रहेको राजश्व खाता नं. ०६५००००१४१ मा बोलपत्र खरिदको लागि तोकिएको दस्तुर दाखिलाको सक्कल भौचर सहितका आवश्यक कागजात समावेश गर्नु पर्नेछ । सोको सक्कल प्रतिहरु वोलपत्र खोलिए लगत्तै कार्यालयमा उपलव्ध गराउनु पर्नेछ ।

५) बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम सोहि वैकको हि.न.०६५००००८४१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको वोलपत्रको म्याद सकिने दिनवाट कम्तीमा १२० दिन म्याद भएको विड बण्ड समेत वोलपत्र साथ अनिवार्य संलग्न हुनु पर्नेछ ।

६) बोलपत्र फाराम खरिद एवम् दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमश: अन्तिम दिन र सोही समयलाई अन्तिम मानिनेछ ।

७) प्राप्त हुन आएका बोलपत्रहरु दर्ता गर्ने म्याद सकिए लगत्तै सोहि दिन २ बजे यस कार्यालयका प्रतिनिधिहरु र वोलपत्रदाताहरुको रोहवरमा गाउँपालिकामा खोलिने छ । साथै प्रस्ताव खोल्ने समयमा वोलपत्रदाताको प्रतिनिधि उपस्थिति नभएमा पनि खोल्न कुनै बाधा हुने छैन ।

८) बोलपत्रदाताहरुले कवोल गरेको रकमको अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

९) बोलपत्र स्वीकृति भएको जानकारी पाएको १५(पन्ध्र) दिन भित्र वोलपत्रदाताले न्यूनतम ४०% नगद कार्यालयले तोकिदिएको खातामा जम्मा गरेको सक्कल भौचर तथा वोलपत्रमा उल्लेख भए अनुसारको वाँकि ६०% रकम किस्ता वमोजिम जेष्ठ मसान्त भित्र दाखिला गर्नु पर्नेछ । किस्ताको हकमा संभौताका वखत नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकवाट यस कार्यालयको नाममा कम्तीमा २०७७ श्रावण मसान्त सम्म म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेन्टी (Performance Bond) सहित संभौता गर्न आउनु पर्नेछ ।

१०) बोलपत्रको वोल कवोल रकम (कर समेत) एकमुष्ठ नगद वुझाएमा ठेक अंकको वढिमा १० प्रतिशत सम्म औचित्य हेरी निर्णयानुसार छुट दिईने छ । यसका लागि नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकवाट यस कार्यालयको नाममा कम्तीमा २०७७ श्रावण मसान्त सम्म म्याद भएको कवोल रकमको ५% ले हुने रकमको कार्य सम्पादन जमानत बैंक ग्यारेन्टी धरौटि वापत राख्नु पर्नेछ ।

११) कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार मकवानपुरगढी गाउँपालिकामा सुरक्षित रहनेछ ।

१२) यस सम्वन्धी अन्य कुनै जानकारी चाहीएमा कार्यालय समय भित्र यस कार्यालयमा वुझ्न सकिने छ वा यस कार्यालयको वेव साइट www.makawanpurgadhimun.gov.np मा हेर्न सकिनेछ ।

१३) यस सुचनामा उल्लेख भएका कुराहरु यसै सुचना वमोजीम र अन्य कुराहरुको हकमा सार्वजनीक खरीद ऐन,२०६३ सार्वजनीक खरीद नियमावली ,२०६४ , स्थानीय सरकार संचालन ऐन २०७४ र प्रचलीत कानुन वमोजीम हुने छ ।

प्रमुख प्रशासकीय अधिकृत